Downloaded From : http://cbseportal.com/

Central Board of Secondary Education
AISSCE (CLASS XII) 2019
Nepali (124)

Series BVM

SET - 4

Time : 3 Hrs

Code No. 24

*Marking Scheme*

| | | | |
|---|---|---|---|
| | | **(खण्ड एक)** | |
| 1 | क. | तीनवटा । आठवटा। | 1½ + 1½ =3 |
| | ख | ।। S, तोटक। | 1½ + 1½=3 |
| | ग. | अलंकार । काव्यको सौन्दर्य, अर्थको रमणीयता र उक्तिको वैचित्र्य बढाउनु। | 1+2= 3 |
| | घ. | एउटै व्यञ्जन वर्ण घरिघरि दोहोरिए अनुप्रास अलंकार हुन्छ। उदाहरण–............................................... | 2+1= 3 |
| | | **(खण्ड दुइ)** | |
| 2 | | पत्र रचना (अंक वर्गीकरण)<br>सम्बोधन एवं तारीक – 2<br>विषय – 1<br>पत्रको मुख्य भाग – 3<br>पत्रको अन्त वा शेष गराइ – 1<br>**(निर्देशन – वर्तमानमा अंग्रेजी भाषाको ढाँचामा लेखिएको पत्र पनि स्वीकार्य रहनेछ।)** | 7 |
| 3 | | निबन्ध रचना (अंक वर्गीकरण)<br>भूमिका – 2<br>विषयवस्तु – 4<br>उपसंहार – 1<br>शब्द सीमा – 1 | 8 |

Downloaded From : http://cbseportal.com/ Courtesy : CBSE

Downloaded From : http://cbseportal.com/

| | (खण्ड तीन) | |
|---|---|---|
| 4 क | ....... कारण यस कथाकी पात्रा रानु प्राचीन भारतीय विदूषी गार्गी जस्तै ज्ञानी थिइन्। उनमा पण्डित, विद्वान् वा दार्शनिकहरूसँग जुनसुकै विषयमा पनि तर्क गर्नसक्ने अनन्त ज्ञानको भण्डार थियो।<br>रानु शारीरिक रूपले अति नै कमजोर थिइन्। सानैदेखि विभिन्न किसिमका नराम्रा रोगहरूले आक्रमण गरिएकी हुनाले उनले राम्ररी पढ्ने अवसर पाउन सकिनन्। | 5 |
| ख | माछा मारेर बजारमा लगी बेचेर। (2)<br>खोलामा माछा मार्न जाँदा लडेर लागेको चोट, घामले डढेको अनुहार, पुल्ठोको रापले विकराल भएको रूप, राती राती भूतजस्तो खोलामा जाने हुनाले उ भूतकै दाँजामा पुग्न आँटेको थियो। (3)<br>*अथवा*<br>कथाको नाम – माछाको मोल। (½)<br>कथाकार – शिवकुमार राई। (½)<br>प्रसंग – रनेले बाटो छेउको पसलमा चिया खाँदै त्यही पसलकी स्वास्नी मानिसलाई नै आफ्नी जीवनसाथी बनाउने सपना साँचेर फर्किने समयमा त्यही पसल्नीले भनेको। (1)<br>व्याख्या ........................................................। (3) | 5 |
| ग. | खोइ मेरो बासीभात ? खोइ बिरालो ? खोइ मूसो ? खोइ दुलो ? खोइ गाई ? खोइ चरण ? खोइ खोलो ?<br>नानी अबोध थियो, उसको कलिलो दिमागले समाजको व्यवस्था बुझ्न सकेको थिएन, उसका हरेक जिज्ञासालाई आमाले नानीकै स्तरमा उत्तर दिएर उसलाई सन्तुष्ट पार्नुपर्ने हुनाले आमालाई हम्मे– हम्मे परेको थियो। | 3+2= 5 |

Downloaded From : http://cbseportal.com/ Courtesy : CBSE

Downloaded From : http://cbseportal.com/

| | | |
|---|---|---|
| 5 क | ..... किनभने विश्वमा जहीं तहीं अंग्रेजी भाषाको मात्र महत्व छ । अंग्रेजी भाषा जान्नेको जहीं पनि इज्जत हुन्छ, यो भाषा जान्नेले सहजै नोकरी पाएर जीवन धान्न सकिन्छ अथवा सजिलै पेटपालो गर्नसकिन्छ........आदि। | 5 |
| ख. | सपनाले मानिसका जीवनको रूखो भोजनमा स्वाद दिन्छ, मिठास भर्छ, सुवास छर्छ, दुःखै दुःखले भरिएको जीवनमा केही पलका निम्ति भए पनि सुख, आनन्द दिन्छ।<br>सपना र बितेका विपनाका दिन दुवै फर्केर आउँदैनन्, दुवैको सम्झना मात्र रहन्छ, दुवैको प्रभाव सदैव जारी रहन्छ। | 3+2 = 5 |
| 6 क | जेठ – असारको महिना, प्रचण्ड गर्मी, घामको पराकाष्ठा, सर्वत्र राप एवं ताप हुन्छ, नदी–नालाको पानी सुक्ने हुनाले सबैलाई मृगतृष्णाको भान हुन्छ, वसन्तको सौन्दर्य नासिएर सबै उराठलाग्दो बनिन्छ, समस्त चराचर जगत् छट्पटाउँदै बस्छन्, वृक्षको छायाँमा मांत्र शीतलता पाइने हुँदा त्यो छायाँ सन्त महात्माको संगतझै लाग्छ, काकाकुल पानीको खोजीमा चित्कार गर्दै उड्छ, अन्य चराहरू वनभित्रै लुक्छन्, सिंह र मृग पनि शत्रुताको भाव त्यागेर एउटै जलाशयमा पानी पिउन बाध्य हुन्छन्, गर्मीको रापका कारण चारैतिर डढेलो लागेर सबै भष्म हुन्छ, रातमा चन्द्रमाको शीतलताले सबैलाई केही राहत दिन्छ, दिन धेरै लामो औ रात छोटो जस्तो लाग्छ...................................... । | 6 |
| ख | त्यस्तै.................................देवता पनि।<br>परिचय – ऋतुविचार खण्डकाव्यको वसन्त विचारबाट उद्धृत। (½)<br>रचयिता कवि शिरोमणि लेखनाथ पौड्याल। (½)<br>प्रसंग – (1)<br>व्याख्या – (2)<br>**अथवा**<br>नयनाऽऽनन्द..........................लायक।<br>परिचय –ऋतुविचार खण्डकाव्यको हेमन्त विचारबाट उद्धृत। | |

Downloaded From : http://cbseportal.com/ Courtesy : CBSE

Downloaded From : http://cbseportal.com/

| | | |
|---|---|---|
| | रचयिता कवि शिरोमणि लेखनाथ पौड्याल।<br>प्रसंग –<br>व्याख्या – | 4 |
| 7 क | एरिस्टोटलको मत – नाटकको सफलताको परीक्षण पढ़ेर वा मंचन गरेर गर्नसकिन्छ।<br>इटालीका विद्वान् कासेलभेत्रोको मत – प्रतिभाशाली व्यक्तिले मात्र पढ़ेर नाटकको मूल्यांकन गर्नसक्छ तर प्रत्येक वर्गका दर्शकका निम्ति मंचनको आवश्यकता पर्दछ।<br>फ्रान्सेली विद्वान् भोल्टेयरको मत – उनले कासेलभेत्रोको मतलाई समर्थन गरेका छन्।<br>नेपाली समालोचक रामकृष्ण शर्मा एवं डा. कुमार प्रधानको मत – मंचनद्वारा मात्र गर्न सकिन्छ। | 4 |
| ख. | शक्तिशाली महामात्यहरूको भ्रष्टाचार, भाइ– भतिजावाद र कोल्टे नीतिमाथि विद्रोह गरेर बन्दीगृहमा थुनिएकी हुनाले।<br>.........किनभने यो सर्वश्रेष्ठ हतियार हो जति चलायो त्यति बेसी तिखारिन्छ, यसको लेखाइको प्रहारले संसारमा क्रान्ति जन्मिन्छ, हरेक युगमा यसको प्रयोग हुन्छ, यो कहिले पनि पुरानो हुँदैन। | 3+3= 6 |
| 8 क | ...... किनभने जसेकी स्वास्नी मरेकी हुनाले उ एक्लो भएको थियो औ मालिनीको पनि पति मरेको हुनाले उ पनि एक्ली भएकी थिई र एका– अर्कालाई साथ दिएर सँगै बाँच्न जसेले बिहेको प्रस्ताव राख्यो।<br>उसको प्रस्तावलाई मालिनीले नकारी किनभने उ पतिव्रता, संस्कारी थिई। सामाजिक, धार्मिक, नैतिक आदि रीतिथितिको पालना गर्ने सच्चरित्र भएकी नारी थिई।<br>जसेले मातेर मालिनीलाई घरि – घरि सताएको कारण... । | 2+2+2= 6 |

Downloaded From : http://cbseportal.com/ Courtesy : CBSE

Downloaded From : http://cbseportal.com/

| | | |
|---|---|---|
| ख. | .....किनभने जसे अकास्मात् हट्टाबाहिर भएर कमान छोडेको थियो, उसलाई त्यहाँ राखेको कुरा कमानको बडा साहेबले चाल पायो भने कमानमा चाहिने काठपात, दाउरा चोइली दिने चैनधोज सरदारको कारबार ठप्प हुन्छ भन्ने डरले गर्दा।<br>उनले जसेलाई दोर्जेलिङ रेलस्टेशनको छेउको चियादोकानका बुढ़ा मानिसलाई भेट्ने सल्लाह दिए। | 2+2=4 |
| 9 क. | लेखनाथ पौड्याल।<br>ऋतुविचार, बुद्धि–विनोद, सत्यकलिसम्वाद, लालित्य (1,2) तरुण–तपसी, सत्यस्मृति, मेरो राम, गंगा–गौरी, लक्ष्मी–पूजा, अभिज्ञान शाकुन्तल, गीता सार, भर्तिहरिनिर्वेद, गीताञ्जलि, पञ्चतन्त्र.......आदि। **(कुनै दुइ)** | 1+1=2 |
| ख. | बालकृष्ण शमशेर जंगबहादुर राणा।<br>'शारदा' पत्रिकामा। | 1+1=2 |
| ग. | बर्माको मण्डले जिल्लाको मेइम्यो गाउँमा।<br>'अंग्रेजी साहित्यको प्रभाव'। | 1+1=2 |
| घ. | बालकृष्ण सम – मुटुको, व्यथा, मुकुन्द इन्दिरा, अमरसिंह, बोक्सी, प्रेमपिण्ड, म, भक्त–भानुभक्त, प्रेम, मोतिराम, स्वास्नीमान्छे, चिसो चूल्हो.......................आदि। **(कुनै एक)**<br>रामकृष्ण शर्मा – दस गोर्खा, सप्त शारदीय, टेबल गफ नौ बैठक, बलिदान, प्यारो सपना र अन्य लेखहरू, भावालु मेरो मन, श्रीमद्भागवत, जय गोर्खा, एक बिसाउनी, गीत पुञ्ज **(कुनै एक)** | ½+½= 1 |
| ङ. | बालकृष्ण सम। | 1 |
| 10 क | खस जाति थिए।<br>खस भाषा। | 1+1 =2 |

Downloaded From : http://cbseportal.com/ Courtesy : CBSE

Downloaded From :http://cbseportal.com/

| | | |
|---|---|---|
| ख | नेपाली भाषालाई खस बाहुनले मात्र होइन नेवार, किराँत, मगर, थारु, गुरुङ आदि अन्य नेपाली जातिले पनि सम्पर्क भाषाको रूपमा प्रयोग गरेकाले खस शब्द सीमित भयो र व्यापक रूपमा नेपाली नै सबैको साझा भाषा भएको हो। | 3 |
| ग | हिन्दी, मैथिली, बंगाली, राजस्थानी......आदि। | 2 |
| घ | कथा – जीवनको छोटो चित्रण, थोरै पात्र–पात्रा, मानवचरित्रको एक पक्षको उद्घाटन।<br>उपन्यास – जीवनको व्यापक चित्रण, धेरै पात्र–पात्रा, मानवचरित्रका विभिन्न पक्षहरूको उद्घाटन। | 3 |

Downloaded From :http://cbseportal.com/ Courtesy : CBSE